# नेपाल प्रज्ञा-प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता र आजीवन सदस्यता प्रदान गर्ने मापदण्ड- २०६९

नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को दफा २८ (१) बमोजिम निम्न योग्यता पुगेका स्वदेशी एवम् विदेशी विद्वान्हरूलाई मानार्थ प्राज्ञ सदस्यता र उक्त ऐनको दफा (२) अनुसार निम्न योग्यता पुगेका नेपाली नागरिकलाई आजीवन सदस्यता प्रदान गर्न नेपाल प्रज्ञा-प्रतिष्ठान नियमावली ०६७ को नियम ३७ बमोजिम यो मापदण्ड तयार पारिएको छ।

**१. मानार्थ प्राज्ञ सदस्यताको मापदण्ड**

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट तल उल्लिखित योग्यता पुगेका स्वदेशी तथा विदेशी विद्वान्लाई नेपाल प्रज्ञा-प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गरिनेछ :

(क) ६५ वर्ष उमेर पुगेको
(ख) कम्तीमा चार दशक लामो वाङ्मय साधना गरिसकेको
(ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नेपाल र नेपालीहरूको ख्याति तथा गौरव बढाउनमा उल्लेख्य योगदान पुऱ्याएको र स्वयं पनि ख्याति प्राप्त गरेको
(घ) आफ्ना प्राज्ञिक तथा सृजनात्मक योगदानका निम्ति प्रतिष्ठित सम्मान, पुरस्कार आदि प्राप्त गरेको
(ङ) नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनशास्त्र जस्ता विषयका प्राज्ञिक अनुसन्धान एवं सिर्जनात्मक कार्यमा संलग्न रही नेपालको सामाजिक सांस्कृतिक रूपान्तरणका अभियानमा बौद्धिक, प्राज्ञिक र सिर्जनात्मक रूपमा सकारात्मक भूमिका खेलेको

**२. आजीवन सदस्यताको मापदण्ड**

नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को दफा २८ (२) अनुसार तल उल्लिखित योग्यता पुगेका नेपाली नागरिकलाई नेपाल प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गरिनेछ :

(क) ६० वर्ष उमेर पुगेको
(ख) चार दशक लामो प्राज्ञिक तथा सृजनयात्रा पुरा गरिसकेको र विशेष योगदानद्वारा स्थापित एवं प्रतिष्ठित भइसकेको
(ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नेपाल र नेपालीहरूको ख्याति तथा गौरव बढाउनमा उल्लेख्य योगदान पुऱ्याएको र स्वयं पनि ख्याति प्राप्त गरेको

(घ) नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनशास्त्र जस्ता विषयका प्राज्ञिक अनुसन्धान एवं सिर्जनात्मक कार्यमा संलग्न रही नेपालको सामाजिक सांस्कृतिक रूपान्तरणका अभियानमा बौद्धिक, प्राज्ञिक र सिर्जनात्मक रूपमा सकारात्मक भूमिका खेलेको

(ङ) नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञपरिषद्को पदाधिकारी/सदस्यका रूपमा एक कार्यकाल पुरा गरिसकेको वा माथि (क) देखि (घ) सम्ममा उल्लिखित योग्यता पुगिसकेको

**३. थप स्पष्टीकरण**

क. माथि उल्लिखित योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्दा प्राज्ञ परिषद्का पूर्व पदाधिकारी/सदस्यमध्येबाट यथासम्भव ५० प्रतिशत र २. (ङ) अनुसार प्राज्ञ परिषद्को पूर्व पदाधिकारी/सदस्य नभएका तर २. (क) देखि (घ) सम्ममा उल्लिखित योग्यता पुगेकामध्येबाट यथासम्भव ५० प्रतिशतको अनुपात मिलाई समावेशी हुने गरी मनोनयन गरिनेछ।

ख. मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यहरू प्राज्ञ परिषद्ले निम्त्याएका कार्यक्रममा उपस्थित हुनेछन् र प्राज्ञ परिषद्ले दिएका प्राज्ञिक जिम्मेवारी पनि तिनले वहन गर्नेछन्।

ग. आजीवन सदस्यले आफ्नो विज्ञता रहेको विषय क्षेत्रमा प्रत्येक वर्ष कम्तीमा दुई पटक नेपाल प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञिक प्रवचन प्रस्तुत गर्नेछन्।

घ. यो मापदण्ड कार्यान्वयन भएपछि नियुक्त हुने आजीवन सदस्यको सुविधा नेपाल सरकारबाट तत्सम्बन्धी बजेट स्वीकृत भई निकासा भइआएपछि मात्र प्रदान गरिनेछ।